

World Vision

# वार्षिक प्रतिवेदन

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल | वार्षिक प्रगति प्रतिवेदन - २०२०

## हाम्रो परिचय

वर्ल्ड भिजन बालबालिका केन्द्रित राहत, विकास र पैरवी गर्ने संस्था हो जसले विश्वमा जोखिममा रहेका लाखौँ बालबालिका जीवनमा परिवर्तन ल्याउन सहयोग पुयाएको छ । वर्ल्ड भिजनले स्थानीय समुदायहरू, नागरिक समाज, सरकार तथा निजी क्षेत्रसँगको समन्वय, पारस्परिक सहभागिता, आपसी विश्वास, उत्तरदायित्व र जिम्मेवारी मार्फत साझा लक्ष्य र दृष्टिकोण बनाउँदै बालबालिकाको हितमा काम गर्न सकिन्छ भन्ने विश्वास राख्दछ ।

| | | | |
|---|---|---|---|
| १९ | १६ | ६ | १३०+ |
| वर्षदेखि कार्यरत | जिल्ला | प्रदेश | कर्मचारी |

## हाम्रो कार्यक्रम

**शिक्षा**
गुणस्तरीय, सुस्प्रेक्षत र समावी आधारभूत शिक्षामा समान पहुँच

**स्वास्थ्य**
बाल स्वास्थ्यमा सुधार

**उत्थानशीलता**
विपद् र आर्थिक संकटको सामना गर्न समुदायको उत्थानशीलता वृद्धि

**संरक्षण**
जोखिममा रहेका समूहहरूको संरक्षण

## इनोभेसन

NEPAL INNOVATION LAB

नेपाल इनोभेसन ल्याब बर्ल्ड भिजनको एउटा अंग हो । यसले मानवीय तथा विकाससँग सम्बन्धित कार्यक्रममा आइपर्ने समस्याको समाधानका उपायहरू परीक्षण गर्ने, नमुना प्रस्तुत गर्ने तथा तिनको सफलताको तह मापन गर्ने कार्यमा सहयोग गर्दछ ।

## अभियान

नेपाली जुटौं
बाल विवाह रोकौं

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा वर्ल्ड भिजनले सामुदायिक रेडियो प्रसारक संघ नेपालसँगको साझेदारीमा १० अगस्ट, सन् २०१७ मा "नेपाली जुटौं, बाल विवाह रोकौं" नामक पाँच वर्षे

## हाम्रो यात्रा

- सन् १९८२ — स्थानीय समुहलाई अस्पताल निर्माणगरि स्वास्थ्य सेवा प्रदान गर्न आर्थिक सहयोग
- सन् १९८८ — उदयपुरमा भूकम्प प्रभावितलाई सहयोग
- सन् १९९३ — बाढी प्रभावितलाई सहयोग
- सन् २००१ — औपचारिक रूपमा दिगो विकास कार्यक्रम शुरूवात
- सन् २०१५ — अप्रिल २०१५मा आएको भूकम्पको प्रतिकार्य शुरूवात
- सन् २०१८ — भूकम्पको प्रतिकार्य समाप्त
- सन् २०२० — कोभिड-१९ प्रतिकार्य

## Vision

हाम्रो दर्शन प्रत्येक बालबालिकाको जीवनको सम्पूर्णता; हाम्रो प्रार्थना प्रत्येक हृदयमा त्यस्तै गर्ने चाहना

संसारभरि गरिबीको मुख्य कारणहरूलाई सम्बोधन गरेर हामी जोखिममा रहेका २० करोड बालबालिकासमक्ष पुग्न सफल भएका छौं ।

## राष्ट्रिय निर्देशकको सन्देश

आदरणीय साझेदारहरू,
न्यानो नमस्कार !

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक वर्ष २०२० को वार्षिक प्रतिवेदन तपाईहरू समक्ष पेश गर्न पाउँदा मलाई खुसी लागेको छ । कोभिड-१९ का कारण यो वर्ष सहज भएन । यसले देश भरका सबै भन्दा बढी जोखिममा रहेका बालबालिका तथा समुदायको जीवनमा धेरै चुनौती ल्याएको थियो ।

कोभिड-१९ महामारीको कारण मार्च महिनाको अन्त्य तिर देशमा शुरू भएको बन्दाबन्दी पश्चात् वर्ल्ड भिजन इन्टरनेशन नेपालले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र समाज कल्याण परिषद् मार्फत् अग्रपंतीमा सेवा प्रदान गर्ने स्वाथ्यकर्मीहरूलाई व्यक्तिगत सुरक्षाका सामग्री (PPE) र इन्फ्रारेड थर्मोमिटरहरू तत्कालै सहयोग गर्न सक्षम भएको थियो । वर्ल्ड भिजनको कोभिड-१९ विरूद्ध ९० दिने आपत्कालिन प्रतिकार्यको एक अंशका रूपमा केही स्थानीय सरकारसँगको निकटतम सहकार्यमा स्थानीय र प्रदेशका केही क्वारेन्टिन स्थलहरूमा गैर-खाद्य सामग्रीहरू प्रदान गरिएका थिए । आफ्ना कार्यक्रम क्षेत्रहरूमा अति जोखिममा रहेका बालबालिका तथा घरपरिवारहरूलाई खाद्यान्नका साथै र बालबालिकाहरूका लागि शैक्षिक सामग्री सहयोगलाई हामीले` प्राथमिकतामा रखेका थियौँ ।

यी सबै कार्यहरू कोभिड-१९ को जोखिम अल्पिकरणलाई मध्यनजर गर्दै  स्थानीय साझेदार गैरसरकारी संस्थाहरू र अन्य राष्ट्रिय साझेदार निकायहरूसँग मिलेर सम्पन्न गरिएका थिए । भर्चुअल माध्ययमबाट मुख्य मन्त्रीहरूसँग बालबालिकाहरूको छलफल गराईएको थियो जहाँ बालबालिकाहरूले बाल विवाह तथा बालबालिका बेचबिखन, विकास, सहभागिता र बन्दाबन्दीको समयमा सुरक्षित रहने जस्ता बालसंरक्षण सम्बन्धी जल्दाबल्दा चुनौतीहरू उठान गरेका थिए ।

यस प्रतिवेदनले विविध चुनौतीहरूका बाबजुद वर्ल्ड भिजन इन्टरनेशनल नेपाल तथा साझेदार संस्थाहरूले गरेका प्रयत्नका कारण स्वास्थ्य, शिक्षा, संरक्षण, कृषि तथा आर्थिक विकास, युवा विकास, विपद् जोखिम न्यूनिकरण र आपत्कालिन प्रतिकार्य लगायत लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) को मूलप्रवाहिकरणबाट प्राप्त उपलब्धिहरू उजागर गर्दछ । नेपालका छ प्रदेशका १२ जिल्लामा कार्यक्रम सञ्चालन गर्दा ३० स्थानीय साझेदार गैर-सरकारी संस्थाहरू, संघिय, प्रादेशिक र स्थानीय सरकार, नागरिक समाज, नीजि क्षेत्र, दाताहरू, शैक्षिक निकाय र अन्तर-धार्मीक संजालसँगको एकता र अथक प्रयत्न स्वरूप ३,६३,७५३ व्यक्तिहरूलाई प्रत्यक्ष र १६,८९,८०३ व्यक्तिहरूलाई अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउन सकेकोमा हामी गर्व महशुस गर्दछौँ ।

हाम्रो मातृ तथा पोषण बाल स्वास्थ्य कार्यक्रम मार्फत १९,५९३ गर्भवती महिलाहरू, आमाहरू, बाल स्याहारकर्ताहरू (बुवाहरू) लाई सेवा पुर्‍याउन सक्षम भएका छौं । यसैगरी ४९,७६३ बालबालिका तथा वयस्क व्यक्तिहरूले खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रम मार्फत सेवा प्राप्त गरेका छन् । यसका अतिरिक्त समुदायमा बाल संरक्षण प्रदायकहरूले बाल संरक्षणका लागि प्रदान गर्ने प्रतिकार्य ४३ प्रतिशत (आधारमान अध्ययन) बाट ९३ प्रतिशत (अन्तिम मान अध्ययन) पुग्नु उल्लेखनीय मात्रामा भएको सुधार हो ।

नेपालका बालबालिकाहरूको सु-स्वास्थ्यका लागि वर्ल्ड भिजनले आत्मसात गरेका हरेक प्रयत्नहरू सफल तुल्याउन नेपाल सरकारका सबै तह, कार्यसञ्चालनमा सहयोगी स्थानीय साझेदार निकाय, रणनैतिक साझेदारहरू र समकक्षी संस्थाहरूबाट अतुलनीय सहयोग प्राप्त भएको छ ।

वर्ल्ड भिजन इन्टरनेशन नेपालको तर्फबाट सम्पूर्ण कर्मचारी, साझेदार संस्थाहरू, सरकार, समकक्षी संस्थाहरू र नागरिक समाजलाई उहाँहरूको प्रतिवद्धता, सहकार्य र विश्वासका लागि धन्यवाद व्यक्त गर्दछौं । नेपालमा कार्यक्रम सञ्चालन गर्नको लागि आर्थिक सहयोग प्रदान गर्ने हाम्रा सम्पूर्ण दाताहरू सबै प्रति हामी कृतज्ञ छौं । यस प्रतिवेदनमा उजागर गरिएका हरेक कार्यक्रमले समुदायमा पारेका प्रभाव हामी सबैको संयुक्त प्रयासको परिणाम हो । हामी आशावादी छौं र कोभिड-१९ को सम्झना सहित भविश्यमा आइपर्न सक्ने अझ ठूला चुनौतीहरूको सामना गर्न हामी अत्यन्त फलदायी साझेदारीको यात्रामा सदैव सँगै हुनेछौं ।

नेपालका बालबालिकाको सुस्वास्थ्यको दीगोपनाकालागि यहाँहरूसँगको साझेदारी र सहयोग प्रति हामी कृतज्ञ छौं ।

धन्यवाद् !



जेनिस इम्यानुएल गिन्टिङ्ग

वार्षिक प्रगति प्रतिवेदन - २०२०



# प्राथमिकताका क्षेत्रहरूको शिंहावलोकन

## प्राविधिक कार्यक्रमहरू

### शिक्षा

**गुणस्तरीय, सुरक्षित र समावेशी आधारभुत शिक्षामा पहुँच**

वर्ल्ड भिजनद्वारा सञ्चालित प्राविधिक शिक्षा कार्यक्रम (Education Technical Programme) बालबालिकाहरूका लागि गुणस्तरीय सिकाईको वातावरण सिर्जना गर्न, परिणाममुखी सिकाईलाई बढवा दिन, विद्यालय सुरक्षा र पद्धतीहरूलाई सुदृढ गर्न (bolster), पूर्ण सरसफाइ तथा स्वच्छता कायम गर्न; र सार्वजनिक शिक्षामा नेपाल सरकारले तोकेको मापदण्ड अनुसार विद्यालयमा बालमैत्री शिक्षण तथा सिकाईको वातावरण प्रबर्धन गर्न केन्द्रित छ ।

वर्ल्ड भिजनद्वारा शिक्षा क्षेत्रमा सञ्चालित कार्यक्रम नेपाल सरकार शिक्षा मन्त्रालयको विद्यालय क्षेत्र विकास योजना (२०१६/१७–२०२२/२३) सँग सादृश्य गरिएको छ; जस अनुसार यो जनाका रणनीति तथा गतिविधिहरू सञ्चालनका क्रममा गुणस्तरलाई ध्यानमा राखिएको छ । यो कार्यक्रम विद्यालय शिक्षाका समानता, गुणस्तर, प्रभावकारिता, शासन तथा व्यवस्थापन, र उत्थानशिलता जस्ता पक्षहरूमा केन्द्रित छ । वर्ल्ड भिजन प्रारम्भिक कक्षाको सिकाई र सिकाईमा सुरक्षित वातावरण निर्माण गरी शिक्षामा गुणस्तर अभिवृद्धि गर्न प्रयत्नशिल छ ।

| | |
|---|---|
| कार्यक्रम सञ्चालित जिल्लाहरू | कैलाली, डोटी, अछाम, जुम्ला, लमजुङ्, सिन्धुली, उदयपुर र सर्लाही |
| मुख्य सरोकारवालाहरू | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शिक्षा विकास तथा समन्वय इकाई (EDCU), विद्यालय व्यवस्थापन समिती (SMC), अभिभावक-शिक्षक-विद्यार्थी संघ (PTSA), नगर पालिका/गाउँपालिकाहरू र वडा कार्यालयहरु, बाल क्लबहरू र साझेदार गैर-सरकारी संस्थाहरू |

वर्ल्ड भिजनले शिक्षा प्राविधिक कार्यक्रम (Education Technical Programme)को एक हिस्साका रूपमा अनलक लिट्रेसि (Unlock Literacy –UL), प्रारम्भिक अध्ययन कक्षा (EGR), वृहत विद्यालय सुरक्षा ढाँचा (CSSF), र नागरिक आवाज र कर्तव्य (CVA) जस्ता परियोजनाहरू आ. व. २०२० मा सफलतापूर्वक सम्पन्न गरेको छ । परियोजना मार्फत संचालित कार्यक्रमहरू शिक्षण र सिकाई जस्ता दुवै आयामको गुणस्तरमा सुधार ल्याउन सहयोगी भएका थिए । उप-राष्ट्रिय शैक्षिक संरचनाहरूमा गुणस्तरीय शिक्षामा पहुँच सुधार गर्न तथा जवाफदेहिताका संयन्त्रहरूको प्रवर्द्धन गर्न यस परियोजना मोडेलले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

| सूचकहरू | उपलब्धि |
|---|---|
| अनलक लिट्रेसि शिक्षक तालिम अर्न्तगत तालिम प्राप्त शिक्षकहरूको संख्या | ५२ |
| अनलक लिट्रेसि साक्षरता सहायता अर्न्तगत तालिमप्राप्त अभिभावक/स्याहारकर्ताको संख्या | ५,२२७ |
| विगत ६ महिनामा स्थानीय स्तरमा तयार गरी वितरण गरिएका सान्दर्भिक अध्ययन सामग्रीहरूको संख्या | ३१,२९२ |
| विपद् जोखिम न्यूनीकरण विषयमा तालिमप्राप्त बालबालिकाहरू लगायत समुदायका सदस्यहरूको संख्या | ६० |
| सचेतना अभिमुखिकरण कक्षामा सहभागी र शिक्षामा सूचनाको पहुँच भएका समुदायका सदस्यहरूको संख्या | ३,९५९ |
| सामुदायिक कार्य योजनाले उजागर गरे अनुसार शिक्षामा तथ्यमा आधारित नीति वा सेवा सुधारका सिफारिसहरूको संख्या जुन स्थानीय सरकार/निर्णयकर्ताहरूलाई पेश गरिएका छन् | २६ |
| अनलक लिट्रेसि शिक्षण विधि प्रयोग गरी शिक्षण गरे नगरेको सुपरिवेक्षणमा तालिमप्राप्त स्थानीय शिक्षा निकायहरू (आदि)को संख्या | ४७ |
| वर्ल्ड भिजन सक्रिय रूपमा सहभागी भएको क्षेत्रमा नेटवर्क बैठकको संख्या | १६ |

गीत, नृत्य, कला, खेल, र विभिन्न किसिमका दृश्य सामग्रीहरूको प्रयोगबाट प्रारम्भिक कक्षाहरूमा केन्द्रित शिक्षाको एक नवीन दृष्टिकोण पढाई शिविर हो । यसले बालबालिकाहरूको मस्तिष्कमा उत्साह पैदा गर्नुका साथै उनीहरूका नयाँ कुरा सिक्ने उत्साहलाईसम्वोधन गर्दछ । मलाई यस कुरामा खुशी लागेको छ कि विद्यालय पाठ्यक्रममा समावेश नगरिएको यो मोडेलको प्रयोग वर्ल्ड भिजनले गरिरहेको छ । यो साँच्चिकै उत्साहवर्धक छ यसमा स्थानीय बालबालिकाहरूको निकै सक्रिय सहभागिता रहेको छ ।

-सिन्धुलीमा सञ्चालित पढाई शिविरका एक सहजकर्ता

## स्वास्थ्य

**बालबालिकाको स्वास्थ्यमा सुधार**

वर्ल्ड भिजन विशेषतः बाल स्वास्थ्य, सुरक्षित मातृत्व, बाल पोषण र बाल-मानसिक स्वास्थ्यका क्षेत्रमा मुख्य प्राथमिकताका साथ काम गर्दछ । यसकासाथै समुदायको नेतृत्वमा सञ्चालन गरिने पूर्ण सरसफाई, क्षमता अभिवृद्धि र स्वास्थ्य संस्थाहरूको सुशासन कायम गर्न प्रयत्न गर्ने जस्ता सरकारका अभियानमा सहयोग गर्ने कार्य गरिरहेको छ ।

| | |
|---|---|
| कार्यक्रम सञ्चालित जिल्लाहरू | अछाम, डोटी, कैलाली, सिन्धुली र उदयपुर |
| मुख्य सरोकारवालाहरू | स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, जिल्ला/सामुदायिक स्वास्थ्य कार्यालयहरू, प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक (PHCORC), स्वास्थ्य सेवा कार्यसञ्चालन व्यवस्थापन समिति, नगरपालिका तथा गाउँपालिकाहरू, वडा कार्यालयहरू, आमा समूहहरू र साझेदार गैर-सरकारी संस्थाहरू |

वर्ल्ड भिजनद्वारा सञ्चालित स्वास्थ्य कार्यक्रम आर्थिक वर्ष २०२० मा मानसिक तथा बाल पोषण सुधार, सुरक्षित मातृत्व प्रवर्द्धन, बाल्यावस्थामा हुने बिमारीहरूको रोकथाम र व्यवस्थापन, पूर्ण खोप सहायता र स्वास्थ्य संस्था तथा प्रजनन केन्द्र (birthing centers) को सबलीकरणका लागि प्राविधिक र आर्थिक सहायतामा केन्द्रित थियो । यस कार्यक्रम मार्फत् अधारभूत स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन जिल्ला जनस्वास्थ्य कार्यालयहरू लगायत प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक (PHCORC) र स्वास्थ्य संस्थाहरूमा आर्थिक सहयोग प्रदान गरिएको थियो । परियोजनाद्धारा अपेक्षित प्रतिफल चार भिन्न पद्धती अवलम्बन गरी प्राप्त गरिएका थिए : आमा समूहहरू र सहायता समूहहरूको क्रियाशिलता तथा नियमितता, मोनिटरिङ्ग प्रोमोशन बृद्धि, सकारात्मक झुकाव सामूहिक चुल्हो (PD) र सामुदायिक स्वास्थ्य प्रवर्द्धन नमुना (CBHP) । यसका अतिरिक्त, सामुदायिक स्वास्थ्य प्रवर्द्धन नमुना (CBHP)सातओटा क्षेत्र विकास कार्यक्रमहरू (Area Development Programmes) अन्तर्गत ४५ स्वास्थ्य संस्थाहरुमा स्थानीय स्तरमा पैरवी औजारको रूपमा प्रयोग गरिएको थियो । यसले स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरूको उपलब्धता र मेडिकल सामग्रीहरूको आपूर्तीमा उल्लेख्य बृद्धि भएको थियो ।

| सूचकहरु | क्षेत्र ( उपलब्धी) |
| --- | --- |
| सहकार्य गरिएका स्वास्थ्य संस्थाहरूको संख्या | ४५ |
| खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) कार्यक्रम मार्फत् लाभान्वित बालबालिका तथा वयस्कहरूको संख्या | ४९,७६३ |
| सुरक्षित खानेपानी मार्फत् लाभान्वित घरपरिवारको संख्या | २१३ |
| यौन शिक्षा/सचेतना कक्षामा सहभागी किशोरकिशोरीहरूको संख्या | ७,९१६ |
| बालबालिकाहरूलाई संक्रमित रोगहरूबाट बचाउन/पोषण सुधार गर्न सहायता प्रदान गर्ने स्वास्थ्य समूह तथा समितिहरूको संख्या | ४८१ |
| गर्भवती महिलाहरू, आमाहरू, संक्रमित रोगहरूकाबारेमा परामर्श र सचेतनाका कक्षा लिएका बालबालिकाहरुका स्याहारकर्ताहरू (बुवा) को संख्या | १९,५९३ |

म पहिलो पटक गर्भवती भएको समयमा गर्भावस्थालाई फरक तरिकाले व्यवहार गरिन्थ्यो । तर, आश्चर्यको कुरा त के छ भने मेरो पछिल्लो गर्भावस्थाका बेला मैले मेरा सासु-ससुराबाट निकै ठूलो सहयोग पाएँ । मेरा ससुराले मेरो लागि फलफूल र मासु ल्याइदिनुभयो । मलाई धेरै माया गर्नुभयो । मलाई थाहा छ, उहाँ सहायता बैठकमा उपस्थित हुनुभए पछि यो परिवर्तन आएको हो ।"

-सदस्य, सुनौलो गुलाब स्वास्थ्य आमा समूह, कैलाली

"आमाहरूलाई अधिक स्तनपान गराउन उत्प्रेरित गर्न कार्यक्रम निकै प्रभावकारी थियो । पहिला पाँच महिनाको उमेर पछि छोरीलाई अतिरिक्त खाना खुवाउन शुरू गरिन्थ्यो तर कार्यक्रम सञ्चालन भए पश्चात् जब उपाहरका रूपमा कचौरा र चम्चा प्राप्त भए पछि आमाहरूले छोरीलाई पनि छ महिनासम्म निरन्तर अधिक स्तनपान गराईरहे ।"

-स्वास्थ्य सेवा इन्चार्ज, तिनपाटन, सिन्धुली

## संरक्षण

**जोखिममा रहेका समूहहरूको संरक्षणमा वृद्धि**

बालबालिका तथा जोखिममा रहेका व्यक्तिहरूको संरक्षण मानवीय सहायताको एक महत्वपूर्ण आयाम हो । बालबालिकाको संरक्षण, उनीहरूको उत्थानशिलता प्रवर्द्धन र बालबालिका तथा जोखिममा रहेका समूहलाई हानी गर्ने कार्यहरू न्यूनीकरण गर्न समर्पित रहेका औपचारिक तथा अनौपचारिक समुदायिक प्रणालीहरूको सुदृढीकरण गर्न वर्ल्ड भिजन सदैव कार्यरत रहेको छ ।

| | |
| --- | --- |
| कार्यक्रम सञ्चालित जिल्लाहरू | अछाम, कैलाली, काठमाडौ, मोरङ्, सर्लाही लगायत संरक्षणका गतिविधि समावेश गरिएका कार्यक्रम सञ्चालित सम्पूर्ण जिल्लाहरू |
| मुख्य सरोकारवालाहरू | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्; सामाजिक विकास मन्त्रालयहरू (प्रदेश); जिल्ला समन्वय समितिहरू; प्रहरी (महिला तथा बालबालिका सेवा केन्द्रहरू); नगरपालिका तथा गाउँपालिकाहरू; वडा कार्यालयहरू; वडा बाल संरक्षण तथा प्रवर्द्धन समितिहरू; विद्यालयहरू; आमा समूहहरू; बाल क्लबहरू; स्थानीय स्वास्थ्य कार्यकर्ताहरू; साझेदार गैर-सरकारी संस्थाहरू; र संचार क्षेत्र । |

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको संरक्षणको प्राविधिक कार्यक्रम (Protection Technical Programme) ले विशेषगरी रूपान्तरण परियोजना अनुसार बाल संरक्षण पैरवी समूहसँग साझेदारी गर्ने र जोखिममा रहेका बालबालिकाहरूलाई आफ्नो संरक्षणका लागि सान्दर्भिक सीप तथा उत्थानशिलता प्रदान गर्दै स्थानीय संरक्षणका प्रणालीहरूको सुदृढीकरणलाई प्राथमिकता दिन्छ । यो नेपाल सरकारले लागू गरेको परियोजना हो । यस अर्न्तगत १५ वटा जीवनोपयोगी मोड्युलहरू समावेश गरिएका छन् । यी मोड्युल अर्न्तगत विभिन्न जीवनोपयोगी (Soft skills) सीपहरू समावेश गरिएका छन् जुन किशोरकिशोरीहरूले सामान्यतया विद्यालय वा घरमा सिक्न पाउंदैनन् । रुपान्तरणले किशोरकिशोरीहरूलाई समकक्षी सिकाई पद्धती अनुरूप समूहमा शिक्षित गर्दछ । यस पद्धती अनुसार प्रारम्भिक चरणमा साथीहरूको ज्ञान र बुझाईको तह अभिवृद्धि गर्न समकक्षी साथीहरूले नै सहजकर्ताको भूमिका निर्वाह गर्दछन् । बाल संरक्षणसँग सम्बन्धित गतिविधिहरू प्रवर्द्धन गर्न यस कार्यक्रम अर्न्तगत विभिन्न क्षेत्रका सरोकारवालाहरू, जस्तै : बाल क्लब, शिक्षक, विद्यार्थी, अभिभावक, आदिसँग सहकार्य गरिन्छ ।

| सूचकहरु | उपलब्धी |
|---|---|
| समकक्षी शिक्षकहरूबाट जीवनोपयोगी सीप र बाल अधिकार सम्बन्धि कक्षा लिएका किशोरकिशोरीहरूको संख्या | २०८ |
| सकारात्मक अनुशासन र बाल संरक्षण सम्बन्धि मुद्धाका विषयमा जानकार अभिभावकहरूको संख्या | ३८९ |
| सचेतना अभिवृद्धिका कक्षा र बाल संरक्षण सम्बन्धि जानकारीको माध्यममा पहुँच भएका समुदायका सदस्यहरूको संख्या | १,०९४ |
| जोखिममा रहेका घरधुरी पहिचान तथा अभिलेखिकरण | १७८ |
| सामाजिक सुरक्षा सेवाहरूको पहुँचका लागि प्रेशित गरिएका जो खिममा रहेका परिवार संख्या | ६९ |
| सचेतना अभिवृद्धिका कक्षा र बाल संरक्षण सम्बन्धि सूचनामा पहुँच भएका समुदायका सदस्यहरूको संख्या | २१ |
| बाल संरक्षण तथा उपलब्ध सेवाहरूबारे ज्ञान अभिवृद्धि भएका बालबालिकाहरूको संख्या | १४४ |

" मैले मेरो जीवनमा उल्लेखनीय परिवर्तनहरू अनुभुती गरेँ । वर्ल्ड भिजनद्वारा संचालित रूपान्तरण कक्षामा भाग लिएँ । रूपान्तरण कक्षाबाट हामीले सेनिटरी प्याड बनाउने सीप सहित महिनावारी व्यवस्थापन तथा पैसा कसरी बचत गर्ने जस्ता अन्य धेरै सीप र ज्ञान आर्जन गऱ्यौं । अरूको अगाडि नडराई र लाज नमानी बोल्न आत्मविश्वास बढेको छ । अहिले म अध्यक्ष भएर बाल क्लव नेटवर्कको नेतृत्व गरिरहेकी छु ।"

-सदस्य, प्रयत्नशिल बाल क्लब नेटवर्क

## उत्थानशिलता

**विपद् तथा संकटविरूद्ध समुदायको उत्थानशिलता वृद्घि**

वर्ल्ड भिजनद्धारा सञ्चालित विकासका गतिविधिहरूले जोखिममा रहेका परिवारहरूको उत्पादन, आय र क्षमता अभिवृद्धि गराई उनीहरूको बालबालिकाहरूको आवश्यकता परिपुर्ती गर्न मद्धत गर्दछ । संस्थाले मूल्य श्रृखला विकास, जोखिममा रहेका युवाहरूको क्षमता वृद्धि, कृषी तथा अन्य उपयुक्त क्षेत्रमा नव प्रवर्धन प्राविधिकहरूको प्रयोग र राहत मार्फत जोखिममा रहेका समुदायहरूको विपद् जोखिम न्यूनीकरण गर्न मद्दत गर्दछ ।

### कृषि तथा आर्थिक विकास

| | |
|---|---|
| कार्यक्रम सञ्चालित जिल्लाहरू | जुम्ला, कैलाली, काठमाडौं, सिन्धुली र उदयपुर |
| मुख्य सरोकारवालाहरू | कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय; भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (प्रदेश); श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, कृषि विभाग; जिल्ला कृषि विकास कार्यालय; स्थानीय सरकार; वडा कार्यालयहरू; कृषक समूहहरू; उत्पादक समूहहरू; बचत समूहहरू; साझेदार गैर-सरकारी संस्थाहरू; र संचार । |

वर्ल्ड भिजनले आ.व. २०२० मा कृषि तथा आर्थिक विकास कार्यक्रमको दुई मोडेल मार्फत् जोखिममा रहेका परिवारहरूको आर्थिक सम्वृद्धिको लागि परियोजनाहरू कार्यान्वयन गरेका थिए । स्थानीय मूल्य शृंखला विकास (LVCD) ले मूल्य श्रृंखला दृष्टिकोण (values chain approach) लाई सहभागितामुलक ढंगले प्रवर्द्धन गर्दछ, जोखिममा रहेका उत्पादक तथा किसानहरूलाई बजारमा प्रभाव पर्ने तत्तवहरूको मूल्याङ्कन गर्न सक्षम बनाउँछ, मुख्य जानकारी प्रदान गर्दछ, बजारमा प्रभाव पार्न सक्ने सरोकारवालाहरूसँग सम्बन्ध विस्तार गर्दछ, र बजार का मुख्य अवरोधहरू सामुहिक रूपमा सम्वोधन गर्न र नाफाको दायरा अभिवृद्धि गर्न मद्धत गर्दछ । यसका साथै रूपान्तरणका लागि बचत (S4T) मार्फत् सदस्यहरूले बचत समूहहरूको स्वामित्व, व्यवस्थापन र सञ्चालन गर्दछन् । समूहहरू आपसमा जोडिदै न्यूनतम रकम बचतमा रूपान्तरण गर्दछन् र आफ्नो खर्च बुद्धिमतपूर्वक व्यवस्थापन गर्न सिक्छन् ।

| सूचकहरु | उपलब्धी |
|---|---|
| सुधारिएको उत्पादन प्रविधि र छनौट गरिएका वस्तुहरूको गुणस्तर सम्बन्धी उत्पादक समूहका सदस्यहरूको संख्या | १,०६३ |
| व्यावसायी तालिमप्राप्त, व्यापरिक सीप तथा अवसरहरूको स्तरोन्नती गरेका युवा तथा वयस्कहरूको (बचत समूहमा) संख्या | १५८ |
| बजारसँग प्रत्यक्ष जोडिएका उत्पादकहरूको संख्या | ५३६ |
| नयाँ क्रेता र आपूर्तीकर्ताहरूसँग जोडिएका उत्पादकहरूको संख्या | ४,८०९ |
| बजार साक्षरताले परिपूर्ण उत्पादकहरूको संख्या (विशेषगरी निरक्षर वा न्यून-साक्षर महिला उत्पादकहरू) | १,०८८ |
| वित्तिय सेवा प्रदायकहरू तथा सरकारी सरोकारवालाहरूसँगको अन्तरसम्बन्ध भएका उत्पादकहरूको संख्या | ४७० |
| आम्दानी व्यवस्थापन तथा खर्चको योजना तर्जुमा गर्न सक्षम अभिभावकहरू (जोखिममा रहेको बालबालिका) को संख्या | ९७२ |
| पहिलो शेयर निश्काषन भए पश्चात् सहजकर्ताहरूको सक्रिय सहभागिताबिना निरन्तर शेयर सञ्चालन गर्ने बचत समूहको संख्या | १७६ |
| फोहोर व्यवस्थापन सम्बन्धी सचेतना अभिवृदि गरिएका परिवारको संख्या | १,१५० |

पहिला सामान्य व्यक्तिगत खर्चका लागि पनि हामीले सासू आमा वा श्रीमान्सँग पैसा माग्नु पर्थ्यो । तर अहिले बचत गर्ने अभ्यास भएकाले कसैमा निर्भर रहनु पर्ने अवस्था रहेन । म आफू र बाच्चाहरूलाई चाहिने सामग्री किन्न अफ्नो बचतको पैसा प्रयोग गर्छु । मेरा परिवारका सदस्यहरूले पनि मलाई बचत गर्न सक्ने सम्भावना भएको व्यक्तिको रूपमा लिनुहुन्छ ।

- सदस्य, उत्पादक समूह, शहरी कृषि विकास परियोजना, काठमाडौं

## युवा विकास

| | |
|---|---|
| कार्यक्रम सञ्चालित जिल्लाहरू | लमजुङ्ग र मोरङ्ग |
| मुख्य सरोकारवालाहरू | युवा तथा खेलकुद मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; युवा विभाग; जिल्ला युवा परिषद्; स्थानीय सरकार; वडा कार्यालयहरू; युवा क्लबहरू (SKYE); साझेदार गैर-सरकारी संस्थाहरू; र संचार । |

आ.व. २०२० मा ग्रामिण समुदायका युवाका लागि युवा आर्थिक सशक्तिकरणका लागि सीप र ज्ञान (SKYE) क्लब गठन गर्ने र SKYE सँग सम्बन्धित पाठ्यक्रम तयार गरी (१८ महिना) युवा विकास कार्यक्रम सञ्चालन गरिएको थियो । समुदायले सामना गरिरहेका मुख्य चुनौतीहरू पहिचान गर्न कार्यक्रमले १६-२६ बर्ष उमेर समूहका युवालाई सशक्तिकरण गर्ने लक्ष्य राखेको थियो । युवाहरूले सेवामुलक सिकाई र सामाजिक उद्यमशिलता अभिवृद्धि गर्न परियोजना सञ्चालित क्षेत्रमा मूल्य प्रस्तावको योजना बनाउन र कार्यन्वयन गर्न बजार मा उपलब्ध अवसरहरूको मूल्याङ्कन गर्न सक्षम भए । यसका अतिरिक्त SKYE क्लबका नेतृत्वकर्ताहरूले आफूले प्राप्त गरेको ज्ञान र सीप प्रयोगात्मक शिक्षण सैलीबाट आफ्ना समकक्षीहरूको सक्रिय नागरिक, नेतृत्व, रोजगारिता र सामाजिक उद्यमशिलताका क्षेत्रमा ज्ञान अभिवृद्धि गर्न सहयोग गरेका छन् । क्लबले प्रति वर्ष चारवटा परियोजनाहरू सञ्चालन गर्ने गरेको छन् ।

| सूचकहरु | उपलब्धी |
|---|---|
| रोजगारी सम्बन्धी विषयमा तालिम प्राप्त युवाहरूको संख्या | २ |
| स्काई (SKYE) क्लबद्धारा सम्पन्न गरिएका युवा परियोजनाहरूको संख्या | ८८ |
| १८ महिने चक्र सम्पन्न गर्ने स्काई (SKYE) क्लबको संख्या | ४० |
| नेतृत्व विकास विषयमा तालिमप्राप्त युवाहरूको संख्या | २६३ |
| सामुदायिक परियोजनाहरूमा सक्रिय सहभागी हुने किशोर-किशोरीहरूको संख्या | १,७५८ |
| सामाजिक उद्यमशिलता विषयमा तालिमप्राप्त महिला र पुरूष युवाको संख्या | ३२६ |

"युवा विकास कार्यक्रम आजको आवश्कता हो किनभने धेरै युवाहरू बेरोजगार छन्, उनीहरूसँग सीप र नेतृत्व गर्ने क्षमता छैन । लमजुङ्ग जिल्लामा युवामाझ हुने बाल विवाह र आत्महत्याका घटनाहरू पनि ठूलो चुनौतीको रूपमा आइरहेका छन् । स्कुल वा कलेज छोड्ने युवाहरू धेरै छन् । यहाँ सञ्चालित कार्यक्रमले त्यस्ता युवाहरूलाई क्लबमा आबद्ध गरायो । उनीहरूलाई प्रशिक्षित गराई रोजगारी प्राप्त गर्न सहयोग गर्नुका साथै समुदायका सेवामुलक कार्यमा समेत सहभागी गराएको छ । "

-संयोजक, जिल्ला युवा परिषद्, लमजुङ्ग









# अनुदान परियोजनाहरु

## समुदाय तथा विद्यालय विपद् पूर्वतयारी र उत्थानशिलता परियोजना (CSDPR), डोटी

डोटी जिल्लामा सञ्चालित समुदाय तथा विद्यालय विपद् पूर्वतयारी र उत्थानशिलता परियोजना (CSDPR) वर्ल्ड भिजन जापान मार्फत् जापानको परराष्ट्र मन्त्रालयको सहयोगमा सञ्चालित परियोजना हो । यस परियोजनाको मुख्य उद्धेश्य नेपालको ग्रामिण क्षेत्रका विद्यालय, समुदाय र स्थानीय सरकारको समग्रमा विपद् उत्थानशिलता अभिवृद्धि गर्नु हो । तीन वर्ष यस परियोजना डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका, सयाल गाउँपालिका र आदर्श नगरपालिकामा सञ्चालन गरिएको थियो । यस परियोजनाद्धारा सञ्चालित गतिविधिहरूबाट कमजोर भैतिक अवस्था र न्यून तहको विपद् उत्थानशिलता, आपत्कालिन पूर्वतयारी र अल्पिकरणका योजना भएका विद्यालयहरू लाभान्वित भएका थिए ।

नेपालको सुदुरपश्चिम क्षेत्रमा बाढी, पहिरो, भुकम्प र खडेरी जस्ता प्राकृतिक विपद्हरू सामान्य हुन् । यसका अतिरिक्त वर्षाको समयमा मौसमी परिवर्तनले पहाडी भेगमा निकै प्रभाव पार्ने र ठाउँ-ठाउँमा पहिरो जाने सामान्य हो ।

यस परियोजनाले नेपाल सरकारको १४औं विकास योजनाले अंगिकार गरेका लक्ष्य प्राप्तीमा महत्वपूर्ण योगदान दिन्छ जसको उद्धेश्य हरेक नेपालीले सुरक्षित वातावरणको अनुभुती गर्ने र भविश्यमा आइपर्ने विपद्सँग प्रतिकार्य गर्न सक्षम बनाउने हो । स्थानीय सरकारसँग निकटम सम्वन्ध राख्दै परियोजनाले विपद् जोखिम व्यवस्थापनमा स्थानीय स्तरमा जोखिममा रहे का समुदायलाई लक्षित गरी सञ्चालन गरेका सचेतनामुलक कार्यक्रमहरू, स्थानीय विपद् जोखिम समिति (LDRMC)को गठन सहित विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा कानूनी प्रावधानहरूको मस्यौदा तयार गर्नु जस्ता केही कार्यहरू मुख्य उपलब्धि हुन् ।

## मुख्य उपलब्धिहरु :

**५३.२%** विद्यार्थीहरु परियोजना सञ्चालन भए पश्चात्को अध्ययन वातावरणसँग सन्तुष्टि

**७९%** विद्यालयहरूमा हात धुने व्यवस्था रहेको

**९६%** विद्यार्थीहरूले शौचालय प्रयोग गरिसकेपछि साबुन पानीले हात धुने गरेको

**४२%** विद्यार्थीहरूमा विपद् जोखिम व्यवस्थापन सम्बन्धि आधारभूत ज्ञानको स्तर अभिवृद्धि

**४८%** स्थानीय निकायहरुको विपद् जोखिम न्यूनीकरण सम्बन्धि ज्ञानको स्तर अभिवृद्धि

**३०** वटा विद्यालयहरूले विद्यालय सुधार योजना र विद्यालयमा आधारित विपद् जोखिम व्यवस्थापन योजना छुट्टाछुट्टै निर्माण गरेका छन् । सबै विद्यालयहरूले आ-आफ्नो विद्यालय सुधार योजनामा विद्यालयमा आधारित विपद् जोखिम व्यवस्थापन योजना समावेश गरी विद्यालयमा आधारित विपद् जोखिम व्यवस्थापन योजना अनुरूप गतिविधि सञ्चालन गर्ने गरेका छन् ।

## किताब परियोजना (KITAB Project )

किताब परियोजना (KITAB Project) सन् २०१९ देखि २०२० सम्म मोरङ्ग र सुनसरी जिल्लामा सञ्चालित दुई वर्षे परियोजना हो । यस परियोजनाको मुख्य उद्धेश्य प्रविधिमा सक्षम पुस्तक बजार सिर्जना गर्दै पुस्तक बजारलाई डिजिटल बजारमा रुपान्तरण गर्नु हो । स्थानीय नगरपालिकामा रहेका विद्यालय, प्रकाशक र शिक्षा क्षेत्रका मुख्य व्यक्तिहरूलाई एक आपसमा जोडिनका लागि 'किताब बजार' नामक एक अनलाइन प्लेटफर्म निर्माण गरिएको छ । यसको एक मात्र उद्धेश्य भनेको विद्यालय र विद्यार्थीहरूको आवश्यकता अनुसार विद्यालयमा उच्च गुणस्तरीय पुस्तक उपलब्ध गराउनु हो ।

यस परियोजनाले शिक्षा मन्त्रालयले विद्यालयका लागि प्राथमिकिकरण गरेका न्यूनतम सक्षमताका सर्तहरू (Minimum Enabling Conditions-PMEC) अंगिकार गर्दछ भने पाँचवटा न्यूनतम सक्षमताका सर्तहरुहरू (PMEC) मध्ये सबै सामुदायिक विद्यालयहरूमा किताब कुनाको व्यवस्था गर्नुपर्ने शर्त राखिएको छ । यस प्रकार को अनिवार्य प्रावधानले नतिजामा आधारित आर्थिक (RBF) पद्धतीको प्रयोग गर्दछ, जसले पुस्तक अपूर्ती कार्यमा संलग्न सबै सरोकारवालाहरूलाई पुस्तक आपूर्तीमा खेलेको भूमिकाका लागि पुरस्कृत गर्न प्रोत्साहन गर्दछ ।

किताब परियोजनाको मुख्य उपलब्धीहरूमध्ये समुदाय र विद्यालयको आवश्यकता अनुसार पुस्तकहरू चार स्थानीय भाषा (थारु, मैथिली, नेवारी र लिम्बु) मा तयार गरिएका छन् र कोभिड-१९ प्रतिकार्य अन्तर्गत विद्यालय तथा आसपासका क्षेत्रहरू निर्मलीकरण गर्न सुनसरी जिल्लामा २१३ वटा निर्मलीकरण गर्ने यन्त्रहरू सहयोग गरिएका थिए ।

## सिकाई परियोजना

नेपालमा सञ्चालित समावेशी शिक्षा प्रवर्द्धन परियोजना (Strengthening Inclusive Education Project) वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, ह्याण्डिक्याप इन्टरनेशनल र वर्ल्ड एजुकेशनको साझेदारीमा नेपालका विभिन्न वर्ग, अपाङ्गता, जातीयता र लिङ्गका आधारमा विद्यालय भित्र वा बाहिर रहेका बालबालिकाहरूको शिक्षामा पहुँच, सहभागिता र संलग्नता अभिवृद्धि गर्ने लक्ष्यले सञ्चालित परियोजना हो । यस परियोजनाको लक्ष्य सन् २०२३ सम्म सर्लाही जिल्लाका पर्सा गाउँपालिका, हरिपुर्वा नगरपालिका, चन्द्रनगर गाउँपालिका र ब्रह्मपुरी गाउँपालिका गरी चार पालिकाका ४६,३४४ लाभान्वित समक्ष पुग्नु हो ।

विद्यालयमा सबैको पहुँचयोग्य सिकाईको वातावरण सिर्जना गर्न परियोजनाले हालसम्म हरिपुर्वा नगरपालिका र पर्सा गाउँपालिकामा तीनवटा लैङ्गिक र अपाङ्गता मैत्री विद्यालय र दुईवटा शौचालय भवन निर्माण गरी विद्यालय व्यवस्थापन समितिलाई हस्तान्तरण समेत गरिसके को छ । अपाङ्गता मैत्री संरचनाको अवधारणा अनुरूप स्थानीय साझेदारहरूको प्राविधिक सहयोगमा दशवटा खानेपानी, सरसफाई तथा स्वच्छता (WASH)का संरचनाहरू समेत सम्पन्न गरिएका छन् ।

कोभिड-१९ का कारण गरिएको बन्दाबन्दीले विद्यालयहरू बन्द गरिए । यसकारण प्रारम्भिक बाल विकास (ECD) देखि कक्षा १-३ सम्मका सबै बालबालिकाहरू घरमा कुनै अध्ययन सामग्रीबिना नै घरै भित्र बस्न बाध्य भए । स्थानीय र प्रादेशिक सरकारसँगको सहकार्यमा वर्ल्ड भिजनले दुरदराजमा रहेका कक्षा १-३ सम्मका बालबालिकाहरूका लागि ६,४७४ स्व-अध्ययन पुस्तकहरू वितरण गरेको थियो । स्व-अध्ययन पुस्तकहरू नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD)ले कोभिड-१९का कारण सिर्जित कठिन परिस्थितीमा बालबालिकाहरूलाई बैकल्पिक रूपमा अध्ययनका अवसरहरू प्रदान गर्न निर्माण गरेको थियो । पुस्तक वितरण पछि बालबालिकालाई सिकाउन उक्त पुस्तक कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा ३०२ अभिभावकहरूलाई फोन मर्फत् अभिमुखिकरण कक्षा सञ्चालन गरिएको थियो । पुस्तक वितरण पश्चात् गरिएको एक सर्वेक्षणले देखाए अनुसार १००% विद्यार्थीले पुस्तक प्रयोग गरेको साथै परिवारका सदस्यहरूको उत्प्रेरणा र सहायता सहित घरमा रमाईलो मान्दै अध्ययन गरेका पाइएको थियो ।

कार्यक्रम सञ्चालित क्षेत्रमा वर्ल्ड भिजनले पनि आठवटा बाल तथा अपाङ्गता मैत्री हात धुने स्थान तयार गरेको थियो । यसैगरी विद्यालयको वातावरण तथा विद्यार्थीको सुरक्षाका लागि ५८ विद्यालयमा निर्मलीकरणका सामग्रीहरू वितरण गर्ने; हात धुने विभिन्न चरण, कोभिड-१९का लक्षण र बच्ने उपायका बारेमा सचेतनाका विभिन्न सन्देशहरू सम्प्रेशण गर्ने; परियोजना सञ्चालित क्षेत्रका विद्यालयहरूमा शिक्षाको गुणस्तर कायम राख्न ३७ वटा नागरिक आवाज र कर्तव्य (CVA) समितिहरू निर्माण गर्ने जस्ता कार्यहरू परियोजनाका अन्य उपलब्धिहरू हुन् ।

कार्यगत सिमितता पहिचान गर्न विद्यालय र विद्यालय बाहिरका जम्मा २५,९३७ जना बालबालिकाहरूको पूर्व परिक्षण गरिएको थियो । सो द्वारा अपाङ्गताको प्रकार पहिचान गर्न सहज भएको थियो । अपाङ्गताको प्रकार अनुसार स्थानीय नगरपालिकासँगको सहकार्यमा परियोजनाले सहायताका सामग्रीहरू प्रदान गर्ने योजना तर्जुमा गर्नेछ । सहायताका सामग्रीहरूले अपाङ्गता भएका बालबालिकाको शिक्षा र सिकाईको प्रतिफलमा सहयोग गर्ने अपेक्षा लिईएको छ । यसका साथै हरिपुर्वा नगरपालिका र पर्सा गाउँपालिकाका विद्यालय नजाने ८६० बालबालिकाहरूका लागि अनौपचारिक कक्षाहरू निरन्तर सञ्चालन गरिएको छ । जम्मा ५८१ बालबालिकाहरू मध्ये ४५० छात्रा, १३० छात्र र १ अपाङ्गता भएकी छात्रा छन् । पहिचान गरिएका ५८१ मध्ये १०२ दलित समुदाय, २३ जनजाती समुदाय, ६८ मधेशी समुदाय र ३८८ मुशलमान समुदायका बालबालिकाहरू छन् । सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गरिएको छ ।

| | |
|---|---|
| **४६,३४४** | लाभान्वित लक्ष्य |
| **३** | वटा लैङ्गिक र अपाङ्गता मैत्री विद्यालय निर्माण |
| **२** | वटा विद्यालयको शौचालय निर्माण |
| **१०** | वटा खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) का संरचनाहरू निर्माण |
| **६,४७४** | स्व-अध्ययन पुस्तकहरू कक्षा १-३ सम्मका बालबालिकाहरूका लागि वितरण |
| **३७** | वटा नागरिक आवाज र कर्तव्य (CVA) समितिहरू निर्माण |
| **२५,९३७** | बालबालिकाहरूको कार्यगत सिमितता पहिचानको लागि पूर्व परिक्षण गरिएको |

## नेपाल इनोभेशन ल्याब (Nepal Innovation Lab)

आ.व. २०२० मा नेपाल इनोभेशन ल्याब (Nepal Innovation Lab) विशेषगरी यसका आन्तरिक उत्पादनहरू, जस्तै : सिक्का (Sikka) र किताब बजार प्लेटफर्म (KITAB Bazaar Platform)को अभिवृद्धिमा सक्रिय रह्यो । साथै यसले नेपालको प्लाष्टिक र फोहोर व्यवस्थापनका क्षेत्रमा सम्भाव्यता अध्ययनका लागि वर्ल्ड भिजन ग्लोबल सेन्टरको (GC) इनोभेशन ग्रान्ट प्रति आफ्नो प्रतिबद्धता पूरा गर्दै आएको छ । ल्याबले आन्तरिक (वर्ल्ड भिजन इन्टरनेशनल नेपालमा) र बाह्य (वर्ल्ड भिजन इन्टरनेशनको साझेदारी तथा वर्ल्ड भिजनभन्दा अन्य निकायहरू) दुवै सरोकारवालाहरूसँग यसको नयाँ कार्यसञ्चालन पद्धती अनुसार तिनीहरूका आवश्यकता सिर्जना गर्न सहभागी भएको छ जुन नेपालको नयाँ राष्ट्रिय रणनीति (२०२१–२०२५) सँग सादृश्य हुनेछ ।

अघिल्लो आर्थिक वर्षमा सिक्का (Sikka) मार्फत् नेपालमा करिब ५३,००० अमेरिकी डलर बराबरको नगद राहत र करिब १,००,००० लाभान्वितलाई भौचर वितरण गरिएको थियो । आ. व. २०२० मा सिक्का मार्फत् गरिएको वितरणको विवरण तल उल्लेख गरिएको छ :

- सन् २०१९ डिसेम्बरमा द्यान चर्च एड (DCA) को नेपाल बाढी प्रतिकार्य । रू. ४३,५५,००० (करिब ३७,००० अमेरिकी डलर) बराबरको यस प्रतिकार्यबाट सप्तरी जिल्लाका ३८५ व्यक्तिहरू लभान्तिव भएका थिए ।
- सन् २०२० जनवरीमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको बाढी प्रतिकार्य । रू. २७,०९,८७८ (करिब २३००० अमेरिकी डलर) बराबरको यस प्रतिकार्यबाट सिन्धुली, सर्लाही र उदयपुर जिल्लामा ३६८ लभान्तिव भएका थिए ।
- सन् २०२० मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको बाढी कोभिड-१९ आपत्कालिन प्रतिकार्य । रू. ५५,८०७,७३२ (करिब ४७०,००० अमेरिकी डलर) बराबरको यस प्रतिकार्यबाट १२ जिल्लाका ९२,७८८ लभान्तिव भएका थिए ।

यसका अतिरिक्त, ल्याबले विरूवा एडभाइजर्स (Biruwa Advisors) नामक परामर्शदाता कम्पनीसँगको साझेदारीमा नेपालको प्लाष्टिक पुनःचक्रण तथा फोहोर व्यवस्थापनका क्षेत्रमा सम्भाव्यता अध्ययन गरे को थियो ।

कोभिड-१९ को प्रारम्भ र इन्टर्नेटबाट काम गर्ने पद्धती अनुकुलन गर्न र भर्चुअल माध्यमबाट सेवा प्रेशित गर्न ल्याबले मानव केन्द्रीत डिजाइन (Human Centric Design) पुनःडिजाइन गरेको थियो ।

यो प्याकेज वर्ल्ड भिजन इथियोपिया र दक्षिण इथियोपियाका किसानहरूसँगका डिजाइन स्प्रिन्ट नेतृत्व गर्न प्रयोग गरिएको थियो ।

## तयार नेपाल : नगद ट्रान्सफर कार्यक्रम (प्राविधिक सहायता)

**युएसएआइडिको तयार नेपालको आर्थिक सहायतामा वर्ल्ड भिजन इन्टरनेशनल नेपालद्धारा तयार नेपाल** : नगद टान्सफर कार्यक्रम (प्राविधिक सहायता) नामक कार्यक्रम कोभिड-१९ को दोस्रो चरणको प्रभावको मूल्याङ्क तथा प्रतिकार्यका लागि पूर्वतयारी, सहायता र नेपालमा विपद् प्रतिकार्य तथा पुनर्लाभ सबलीकरणका लागि गतिविधिहरू सञ्चालन गर्ने उद्धेश्यले सञ्चालित कार्यक्रम हो । प्राविधिक सहायता अनुदान (TAG) परियोजनको एक अभिन्न अंगका रूपमा वर्ल्ड भिजनले नगद ट्रान्सफरका एकिकृत गतिविधि अवलम्वन गरेको थियो जस अन्तर्गत बजारको लेखाजोखा; लाभाग्राही छनौट मापदण्ड निर्माणका लागि नगरपालिकाहरूको क्षमता अभिवृद्धि; 'कामका लागि नगद' कार्यका लागि उपयुक्त संयन्त्रको विकास र शसर्त नगद ट्रान्सफर सहित अन्य गतिविधिहरू सञ्चालन गरेको थियो ।









## मुख्य उपलब्धिहरु

यस परियोजना विभिन्न जिल्लाका १२ नगरपालिका र देशका विभिन्न शहरी क्षेत्रका उप-महानगरपालिकाहरूमा वर्ल्ड भिजनले बजारको गतिशीलता र नगद सञ्चालनका गतिविधिहरूको सान्दर्भिकता सम्बन्धमा गरिएको बजारको विस्तृत लेखाजोखा पश्चात् लागू गरिएको हो । यो परियोजना फिल्ड स्तरमा लक्षित कार्यान्यवन गर्ने १२ वटा नगरपालिका तथा उप-महानगरपालिकाहरूको (Implementing Grantees - IGs) क्षमता अभिवृद्धिका गतिविधिहरू सञ्चालन गरे पश्चात् लागू गरिएको थियो । कार्यान्यवन गर्ने निकायहरू (IGs) लाई नगद तथा भौचर कार्यक्रमको विभिन्न पक्ष तथा चरणबारे क्षमता आभिवृद्धि गरिएको थियो, जस्तै – लाभान्वित छनौट, दर्ता, प्रमाणिकरण र सञ्चालन प्रक्रिया, कामका लागि नगद योजना छनौट तथा डिजाइनिङ्ग प्रक्रिया, कामका लागि नगदको अनुगमन प्रक्रिया, डिजिटल अभिलेख र अनुगमनका लागि सिक्का (Sikka) र कमकेयर (Commcare) जस्ता डिजिटल प्रविधिहरूको प्रयोग, आदि । परियोजनाको दौरना विभिन्न चुनौति आइपरे तापनि वर्ल्ड भिजनले ४,५०० कोभिड-१९ प्रभावित समर्क्ष सहयोग पुऱ्याउर्न सफल भएका छ । परियोजना सम्पन्न गरे पछि वर्ल्ड भिजनले बाह्य परामर्शदाताहरूद्धारा गराएको स्वतन्त्र अध्ययन अनुसार ९३% नगद अनुदान लाभग्राही सन्तुष्ट रहेको तथ्य प्राप्त भएको छ ।

## तयार नेपाल : घरायसी विपद् पूर्वतयारी परियोजना

वर्ल्ड भिजनले युएसएआईडिको तयार नेपाल अर्न्तगत प्राविधिक सहायता अनुदान (TAG) परियोजना अन्तर्गत घरायसी विपद् पूर्वतयारी परियोजना (HDPP) सञ्चालन गरेको थियो । यस परियोजनाको उद्धेश्य हरेक एक घरधुरी र समुदायको विपद् पूर्वतयारी र प्रतिकार्य थप सबल बनाउन क्षमता अभिवृद्धि गर्नु हो । कैलालीमा कार्यरत सामाजिक विकासका लागि सचेत समाज नामक गैर-सरकारी संस्थासँगको साझेदारीमा सञ्चालित यस परियोजनाबाट कैलाली जिल्लाका ५५० घरधुरीहरू प्रत्यक्ष रुपमा र १,६४७ घरधुरीहरू अप्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । सुदुरपश्चिम प्रदेश, कैलाली जिल्लाको लम्कीचुहा नगरपालिकामा सञ्चालित यो एक वर्षे परियोजना आवश्यकताको आँकलन र पूर्व सिकाई तथा ससोकारवालाहरू र लाभग्राहीहरूसँगको निरन्तर छलफल पश्चात् तर्जुमा गरिएको थियो ।

यस परियोजनाले विपद्को दृष्टिकोणले लामो समयसम्म प्रभावित भएका समुदायलाई लक्षित गरेको थियो । विशेषगरी जीवन तथा जीविकोपार्जनलाई प्रभावित गर्ने गरी वार्षिक रूपमा आउने बाढी लक्षित गरी सञ्चालन गरिएको थियो । सबैभन्दा बढी जोखिममा रहेका घरपरिवार (जस्तै : बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, एकल/गर्भवती/स्तनपान गराईरहेकी महिला, आदि) का आधारभुत र विशेष आवश्यकताहरू सम्बोधन गर्न समुदाय स्तरमा जोखिममा रहेका घरपरिवारको पहिचान र वर्गिकरणका विधि र मापदण्डको सिमित बुझाई अभिवृद्धि गर्न यो परियोजना सञ्चालन गरिएको थियो ।

## नेपाल कभर (कोभिड-१९ आपत्कालिन प्रतिकार्य) परियोजना, २०२०

वर्ल्ड भिजनले नेपाल कभर परियोजना (Nepal COVER Project) मार्फत सन् २०२० को मार्च देखि जुलाई सम्म कार्यक्रम सञ्चालित १५ जिल्लाका २३ क्षेत्रीय कर्यक्रमहरूमा कोभिड-१९ प्रतिकार्य गरको थियो । समग्रमा परियोजना मार्फत् ४४,२६६ बालिका, ४३,८१५ बालक, २२,३४८ महिला र २३,१६० पुरूषलाई सेवा प्रदान गरिएको थियो । कार्यक्रम सञ्चालित १५ जिल्लाहरू मध्ये रौतहट, कैलाली, काठमाडौ, सर्लाही र महोत्तरीमा सबैभन्दा बढी कोभिड-१९ घटनाहरू पहिचान भएका थिए । परियोजना अवधिभर प्रत्येक जिल्लामा १,००० भन्दा बढी घटनाहरू पहिचान भएका थिए । परियोजनाले स्वास्थ्य, खानेपानी तथा सरसफाई, खाद्य सहायता, जीविकोपार्जनमा सहयोग र कुनै पनि प्रकारको हानी तथा दुरूपयोगबाट बालबालिकाहरूलाई संरक्षण गर्न स्थानीय संरक्षण प्रणालीको सबलिकरण जस्ता विषयहरू सम्बोधन गरेको थियो । वर्ल्ड भिजनले समुदायका विद्यमान आवश्यकताहरुलाई सम्बोधन गर्न नेपाल सरकारको स्वीकृती लिई नियमित स्पोन्सरसीप कार्यक्रमको श्रोत नेपाल कभर परियोजना (Nepal COVER Project) मा पनुः निर्धारण गरेको थियो । लेखाजोखाबाट प्राप्त प्रतिफल र स्थानीय सरकार का अनुरोधलाई मध्येनजर गर्दा, प्रतिकार्यले मुख्य दुई पद्धती आत्मसाथ गरेको थियो :

क) खाद्य सहायता, छिमेकमा स्वास्थ्य तथा स्वच्छता सहायता, आपत्कालिन अवस्थामा सबैभन्दा बढी जोखिममा रहेका परिवार तथा बालबालिकाहरूलाई उनीहरूका आवश्यकता पूरा गर्न सक्षम बनाउन लक्षित गरिएको, स्थानीय तहमा साझेदार संघसंस्थाहरू मार्फत जीविकोपार्जन सहायता प्रदान गरिएको, बीउ बिजन सहायता प्रदान गरिएको, तरकारी उत्पादनका लागि प्लाष्टिकका टनेल तथा बाली रोप्न र फसल भित्र्याउन आवश्यक औजार सहायता प्रदान गरिएको, आघातजन्य अवस्थाबाट पुनर्लाभका लागि स्थानीय रोजगारिता र आम्दानीका अवसरहरू प्रवर्द्धन गरिएको ।

ख) संक्रमण तथ रोग नियन्त्रण गर्न स्वास्थ्यकर्मीका लागि व्यक्तिगत सुरक्षाका सामग्री (PPE) उपलब्ध गराइएको, स्थानीय स्तर मा प्रभावकारी निगरानीको व्यवस्था गर्ने र रोग संक्रमण हुन तथा फैलन कम गर्न जनचेतना अभिवृद्धि लगायत व्यक्तिगत स्वच्छता र व्यवहारिक अभ्यास प्रवर्धन गरिएको ।




Wednesday, 22 April 2020
World Vision
1,000 sets
Personal Protective Equipment (PPE)
handover to the Government of Nepal
120 units of IR thermometers also handed over together with 1,000 sets of PPE.
Each PPE set includes 19 different medical and hygiene kits.

# कोभिड-१९ आपत्कालिन प्रतिकार्य परियोजना - २०२०

## हाम्रा उपलब्धिहरु

- १०५,००० बालबालिका
- ७१,००० वयस्कहरु
- १३९,००० घरधुरी
- ६०१,००० अप्रत्क्ष लाभान्वित (बालबालिका सहित)
- ४४,००० व्यक्ति सरसफाइ तथा स्वच्छता सामग्रीबाट लाभान्वित
- ७१ क्वारेन्टाईन सुविधालाई सहयोग
- ७६ हातधुने स्थान स्थापना
- २५६,००० सेनेटरी प्याडहरु वितरण

## हाम्रा रणनीतिक उद्देश्यहरु

- कोभिड-१९ फैलने प्रक्रिया सीमित गर्नको लागि रोकथामका उपायहरू बढाउने
- स्वास्थ्य कर्मी तथा प्रणालीहरू सुदृढ गर्ने
- कोभिड-१९ प्रभावित बालबालिकालाई खाद्य तथा जीविकोपार्जन, शिक्षा र संरक्षण प्राविधिक कार्यक्रमहरू मार्फत समग्र सहयोग प्रदान गर्ने
- कोभिड-१९ माहामारीमा बालबालिकाको अधिकार सुनिस्चित गर्न सहकार्य गरि पैरवी गर्ने

## विषयगत क्षेत्रहरु

- जीवीकोपार्जन तथा पोषण
- खानेपानी, सरसफाई तथा स्वच्छता
- शिक्षा
- स्वास्थ्य
- संरक्षण

## हाम्रा पद्तीहरु

- नगत तथा भौचर कार्यक्रम
- रोकथाम सम्बन्धि सन्देश प्रसाण
- रोकथामका लागि सामग्री सहयोग
- जवाफदेहिता संयन्त्र

FEEDBACK

## हाम्रा श्रोतहरु

अप्रिल
मई
जून
जुलाई

१७ लाख

## हाम्रा केन्द्रित क्षेत्रहरु



- बझाङ्, डोटी, अछाम र कैलाली (पश्चिम फिल्ड कार्यालय मार्फत)
- जुम्ला, लमजुङ, काठमाण्डौं, ललितपुर र सिन्धुली (केन्द्रिय फिल्ड कार्यालय मार्फत)
- रौतहट, सर्लाही, महोत्तरी, उदयपुर, सुनसरी र मोरङ (पुर्वी फिल्ड कार्यालय मार्फत)

| कभर प्रतिकार्यको आर्थिक प्रतिवेदन | | | | |
|---|---|---|---|---|
| जुलाई २०२० सम्म | | | | |
| Row Labels | जम्मा बजेट | वास्तविक जम्मा | वार्षिक भिन्नता | वार्षिक खर्च दर |
| शिक्षा | ४८,१९४ | ४७,०८२ | १,११२ | ९८% |
| स्वास्थ्य | ३७०,२५८ | ३४३,६३० | २६,६२८ | ९३% |
| जीविकोपार्जन | ४०४,७४२ | ४२०,००४ | (१५,२६२) | १०४% |
| संरक्षण | ४५,९५९ | ४४,९०५ | १,०५४ | ९८% |
| खानेपानी, सरसफाइ तथा स्वच्छता | ४११,७९१ | ४०४,५५६ | ७,२३५ | ९८% |
| तलब तथा प्रशासनिक खर्च | ३२३,६६५ | ३४४,४३२ | (२०,७६७) | १०६% |
| कूल जम्मा | १,६०४,६०९ | १,६०४,६०९ | (०) | १००% |

वर्ल्ड भिजनले अपाङ्गता भएका, अति विपन्न घरपरिवार, महिला वा बालबालिका घरमुली भएका परिवार, भारत वा अन्य देशबाट फर्केका आप्रवासीका परिवार, क्वारेन्टिन स्थलमा संक्रमित भएका व्यक्तिहरू र अग्रपंतीमा काम गर्ने स्वास्थ्यकर्मीहरू लक्षित गरी एकिकृत रूपमा समावेश गर्न गतिविधि केन्द्रित लाभग्राही छनौट मापदण्डको विकास गरेको थियो ।

कोभिड-१९ को निरन्तर प्रभाव सम्बोधन गर्न आ.व. सन् २०२१ मा नेपाल कोभिड-१९ प्रतिकार्यका गतिविधिलाई प्राविधिक कार्यक्रमहरूमा अनुकूलन गरिने छ । प्रारम्भिक चरणमा अपनाइएका पुनर्लाभका गतिविधहरू प्राविधिक कार्यक्रमले एकिकृत गर्नेछ भने कोभिड-१९ का पूर्व-पुनर्लाभका गतिविधिहरू खाद्य सुरक्षा, जोखिम सम्बन्धि सन्देश प्रवाह, खाने पानी, सरसफाई तथा स्वच्छता (WASH), संरक्षण, स्वास्थ्य र पोषणमा केन्द्रित हुनेछ । पूर्व-पुनर्लाभका गतिविधिहरू सन् २०२१ को पहिलो ६ महिनामा सञ्चालन गरिनेछन्, भने प्राविधिक कार्यक्रमहरूले समुदायमा उत्पन्न हुने अतिरिक्त आपत्कालिन अवस्थाका कारण सिर्जित आवश्यकताको सम्बोधन गर्न सक्नेछन् ।

# बाल स्पोन्सरसीप


वर्ल्ड भिजनकोको बाल स्पोन्सरसीप (Child Sponsorship) कार्यक्रमले बालबालिकाको जीवनमा परिवर्तन ल्याउन विभिन्न व्यक्तिहरूलाई एकतृत गर्दछ । यसले बालबालिकाको जीवनमा परिवर्तन ल्याउन सक्नेहरू, जस्तै : बालबालिका, अभिभावक, शिक्षक, विद्यालय, स्थानीय संघसंस्थाहरू र समुदाय सबैलाई आपसमा जोड्ने काम गर्दछ । यसले दाता/सहयोगी (sponsors) का रूपमा विभिन्न देशका नागरिकहरूलाई दाता/सहयोगी (sponsors)का रूपमा बालबालिकाहरूलाई सहयोग गर्न एउटा साझा थलोमा ल्याउँछ । साथै समुदायलाई गरिबीका मुल कारणहरूको सामना गर्न र दिगो परिवर्तनको अवस्था सिर्जना गर्न वर्ल्ड भिजन इन्टरनेशनलको समग्र प्रक्रियामा समेत उनीहरूले योगदान पुऱ्याउँछन् । समुदायमा सञ्चालन गरिने हाम्रा कार्यहरू बालबालिकाहरूको आवश्यकता पहिचानबाट शुरू हुन्छन् । हामी समुदायका सदस्य र साझेदारहरूसँग निम्न तीन मुख्य क्षेत्रमा साझेदारी गर्दै काम गर्दछौं:

**परियोजनाहरू:** हामी शिक्षा, स्वास्थ्य तथा पोषण, उत्थानशिलता र आर्थिक विकास जस्ता क्षेत्रमा समुदायका विशिष्ट आवश्यकताका आधारमा काम गर्छौं ।

**संरक्षण:** हामी समुदायमा आधारित बाल संरक्षणलाई सबलिकरण गर्छौं । बाल स्पोन्सरसीप अनुगमन एक यस्तो तरिका हो जसबाट हरेक बालबालिकाले प्रगति गरिरहेको समुदायले सुनिश्चित गर्न सक्दछन् । जब सबै अभिभावक, बालबालिका, शिक्षक तथा स्थानीय साझेदारहरू सबै मिलेर सामूहिक कार्य गर्दछन् तब मात्र हामी हाम्रा बालबालिकाहरूका लागि सुरक्षित समुदाय निर्माण गर्न सक्दछौं ।

**सहभागिता:** बाल स्पोन्सरसीपले बालालिकाहरूको वृद्धि र विकासका लागि अवसरहरू प्रदान गर्दछ । यसले उनीहरूलाई प्रभावकारी रूपमा सिक्न, सक्षम व्यक्ति बन्न र नेतृत्वकर्ता बन्न आवश्यक सीपहरू प्रदान गर्दछ । उनीहरू जति धेरै सहभागी हुन्छन् यसले उनीहरूको जीवनमा त्यति नै धेरै अवसर प्रदान गर्दछ ।





## आ.व. २०२० मा वर्ल्ड भिजनको बाल स्पोन्सरसीप सम्बन्धि तथ्यहरु :

- ४१,५०३ बालबालिकाहरूलाई ३३,००० भन्दा बढी दाताहरुले सहायता प्रदान गरे ।
- नेपालका १० जिल्लाका विभिन्न १६ वटा भौगोलिक क्षेत्रमा वर्ल्ड भिजनका ९ सहयोगी कार्यालयहरू (SO) बाट सहायता प्राप्त ।
- ३८,७८४ पत्राचार तथा ९ वटा कोभिड-१९ अनुकुलित समुदायका अपडेट भिडियो लगायत १६ वटा क्षेत्रगत कार्यक्रम प्रवन्धकहरू (AP Managers) को भिडियो मार्फत् पत्राचार गरिएको थियो ।
- रौतहट पूर्व र पश्चिम, महोत्तरी पूर्व र पश्चिम, र बझाङ्ग पूर्व र पश्चिम गरी ६ वटा नयाँ क्षेत्रमा क्षेत्रगत कर्यक्रमहरू (APs) सञ्चालन गरेको थियो । उक्त प्रत्येक क्षेत्रबाट स्पोन्सरसीप कार्यक्रम (Sponsorship Programme) का लागि ३०० जना बालबालिकाहरू सुचिकृत गरिएका छन् ।
- शिक्षा, उत्थानशिलता, स्वास्थ्य, विपद् जोखिम न्यूनीकरण, आर्थिक तथा युवा विकास, र स्पोन्सरसीप योजनामा सामुदायिक सहभागिता जस्ता क्षेत्रगत गतिविधिहरू मार्फत ३०७,९५५ सुचिकृत बालबालिका र तिनका परिवार सहभागी र लाभान्तिव भएका छन् ।
- नेपाल कभर प्रतिकार्य अर्न्तगत विशेष क्षेत्रगत सुचिकृत बालबालिका समावेशीकरण निर्देशिका तयार गरिएको थियो जस अनुसार सबै क्षेत्रगत कार्यक्रमबाट ३८,६८५ सुचिकृत बालबालिकाहरूले सरसफाइलाई दैनिक व्यवहार बनाउन स्वच्छता सामग्रीहरू प्राप्त गरेका थिए । यसैगरी सबैभन्दा बढी आवश्यकतामा रहेका क्षेत्रगत कार्यक्रम सञ्चालित क्षेत्रका ४,६२० सुचिकृत बालबालिकाका परिवारले खाद्य सामग्री प्राप्त गरेका थिए । कोभिड-१९ का कारण सबैभन्दा बढी प्रभावित क्षेत्रगत कार्यक्रम सञ्चालित क्षेत्रका २८९ सुचिकृत बालबालिकाका घरपरिवारले आवश्यकताका आधारमा जीविकोपार्जन प्रवर्द्धनका सामग्री प्राप्त गरेका थिए । कक्षा १-३ सम्म अध्ययनरत ३,८०८ बालबालिकाहरूलाई घरमा अध्ययन गर्न र अर्थपूर्ण तरिकाले सहभागिता जनाउन स्व-अध्ययन सामग्री तथा स्टेशनरी सामग्रीहरू प्रदान गरिएको थियो । कुपोषणको सिकार भएका ८५० जना सुचिकृत बालबालिकाहरूको पोषणको अवस्था सुधार गर्न पोषणयुक्त खाद्यान्न (super flour) प्रदान गरिएको थियो । कोभिड-१९ महामारीको समयमा महिनावारी स्वच्छता कायम राख्न ११,२६१ महिलाहरूलाई (९ वर्ष र सो भन्दा माथिका सुचिकृत महिला) प्रत्येकलाई २० वटाका दरले सेनिटरी प्याड वर्ल्ड भिजन सिङ्गापुरद्वारा उपहार स्वरूप प्रदान गरिएको थियो ।

## पैरवी

वर्ल्ड भिजनको पैरवी कार्यले पहिचान गरिएका विषयगत क्षेत्रहरूमा रणनैतिक सहकार्य सबलिकरण गर्नुका साथै श्रोत विकासमा सहयोग पुऱ्याउदछँ । उत्तरदायित्व र चिरस्थायी विकासका लक्ष्यहरू, अभियान, बालमैत्री स्थानीय शासन प्रणाली र नीति निर्माणका क्षेत्रमा केन्द्रित रहँदै अनुसन्धान र नवप्रवर्धनलाई अभिवृद्धि गर्नु यसको अर्को उद्धेश्य हो । उक्त उद्धेश्य परिपूर्तीका लागि वर्ल्ड भिजन विभिन्न तहका  सरकार, गैर-सरकारी संस्थाहरू, समकक्षी साझेदार संस्थाहरू र स्थानीय देखि विश्वव्यापी पैरवीको प्रयासका लागि सहकार्य गर्दछ ।











## तथ्य निर्माण :

बालाबालिकाको सम्वृद्धिको लागि उपयुक्त निति नियम तर्जुमा गर्न नीति निर्माता र नागरिक समाजलाई प्रभावित पार्न बालबालिकाको सम्वृद्धि सम्बन्धि एक अध्ययन गरिएको थियो । उक्त अध्ययन प्रतिवेदनका अनुसार कोभिड-१९ ले बालबालिकाहरूको स्वास्थ्य, शिक्षा र बाल संरक्षणका पक्षमा बढी प्रभाव पारेको तथ्य देखाएको छ । प्रतिवेदनले देखाए अनुसार ८३.३५% बालबालिकाहरू विद्यालय बन्द भएकोमा खुसी थिएनन् र उनीहरू विद्यालय जान लालायित थिए । उक्त प्रतिवेदनका अनुसार : इन्टरनेटमा अधारित सिकाईमा बालबालिकाहरूको पहुँच नभएको, अनलाइन कक्षा सञ्चालन गर्न शिक्षकहरूको पनि क्षमताको अभाव भएको र बालबालिकाहरूले यौन हिंसा (१६%), इन्टरनेटको दुरूपयोग (१३%), बलत्कारका प्रयत्नहरू (९%) र मानसिक दवाव २२%) आदि जस्ता विभिन्न प्रकारका हिंसाक घटना भएका पाइयो ।

गाउँपालिका राष्ट्रिय महासंघ (NARMIN) सँगको सहकार्यमा नगरपालिकाका योजना र नीतिहरूमा बालबालिकाको अवस्था सम्बन्धि गरिएको एक अनुसन्धानलाई अन्तिम रूप दिईएको थियो । अनुसन्धान प्रतिवेदनले देखाए अनुसार नगरपालिकाहरूले बालबालिका सम्बन्धि योजना तथा नीति निर्माणका विषयलाई प्राथमिकतामा राखेको छैन । ४६० नगरपालिकाहरू मध्ये जम्मा १९% ले मात्र बालबालिकालाई लक्षित गरि योजना तर्जुमा गरेका छन् । यसैगरी गाउँपालिका राष्ट्रिय महासंघ (NARMIN) सँगको सहकार्यमा वर्ल्ड भिजनले पालिका स्तरमा योजना तर्जुमा प्रक्रियामा बालबालिकालाई सहभागी गराउने नीतिमा प्रभाव पार्ने उद्धेश्यले बाल सहभागिता निर्देशिका (Children's Engagement Guideline) तयार गरी वर्ल्ड भिजनको कार्यक्षेत्रका सम्पूर्ण नगरपालिकाहरूमा प्रचारप्रसार गरिएको थियो । उक्त निर्देशिकाले योजना तर्जुमा गर्ने क्रममा बालाबालिकाका मुद्दाहरू उठाउनुको महत्व र प्रक्रियाबारे विस्तृतमा प्रकाश पार्दछ ।

## नीतिमा प्रभाव

सामुदायिक रेडियो प्रशारक संघ नेपालसँगको सहकार्यमा वर्ल्ड भिजनले संघिय तथा प्रादेशिक मन्त्रीहरूसँग भर्चुअल माध्ययमबाट विभिन्न चरणमा नीतिगत छलफलहरूको आयोजना गरेको छ । उक्त छलफल बालबालिकाहरूले कोभिड-१९ का कारण भएको बन्दाबन्दीको समयमा सामना गर्नु परेका चुनौतीहरू उजागर गर्ने प्लेटफर्मको रूपमा स्थापित भएको छ । यसैगरी स्थानीय र प्रादेशिक तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाहरूको सहभागिताको महत्वका लागि गाउँपालिका राष्ट्रिय महासंघ (NARMIN) का साथै स्थानीय तहमा धेरै गोलमेच छलफल तथा कार्यशालाहरू पनि सम्पन्न गरिएका छन् ।

वर्ल्ड भिजनले युनिभर्सल पेरियोडिक रिभ्यू (UPR) प्रतिवेदन तयार गरी पेश गर्नका लागि बालबालिकाको सम्वृद्धिको लागि कार्यरत नागरिक समाजद्धारा सञ्चालित संघ-संस्थाहरूसँग सहकार्य गरेको छ । यस प्रक्रियाका क्रममा वर्ल्ड भिजनको कार्यक्षेत्रका प्रदेशहरूको (प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश र सुदुरपश्चिम प्रदेश) प्रतिनिधित्व गर्दै सात जना बालबालिकाहरूले प्रतिवेदन तयार गर्दा सक्रियता पूर्वक सहभागिता जनाएका थिए । बालबालिकाको अगुवाईमा तयार गरिएको उक्त प्रतिवेदन जेनेभा स्थित UN OHCHR मा पेश गरिएको छ ।

## बालमैत्री स्थानीय शासन प्रणाली (CFLG) सहभागिता

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (MoFAGA) सँगको रणनैतिक साझेदारीसँगै वर्ल्ड भिजनले बालमैत्री स्थानीय शासन प्रणाली (CFLG) मार्फत् उपलब्धि हाँसिल गर्न स्थानीय, प्रादेशिक र संघिय सरकारसँग साझेदारीमा काम गरेको छ । वर्ल्ड भिजनले वडा र नगरपालिका स्तरका २५० जना जननिर्वाचित प्रतिनिधिहरू, विकास कार्यमा संलग्न सझेदार निकायहरू, बाल अधिकारका संयन्त्र, वर्ल्ड भिजनको कार्यक्रम सञ्चालित तथा अन्य जिल्लाहरूमा काम गरेको छे । जन्म दर्तालाई बालमैत्री स्थानीय शासन प्रणाली (CFLG) को एक अपरिहार्य पक्षका रूपमा लिई वडा तथा नगरपालिका स्तरमा ३०० जना जननिर्वाचित प्रतिनिधिहरू, विकास कार्यमा संलग्न सझेदार निकायहरू, बाल अधिकारका संयन्त्र र नागरिक समाजका संस्थाहरूलाई सहभागी गराई उहाँहरूको क्षमता अभिवृद्धि गरिएको छ । पूर्ण जन्मदर्ता सुनिश्चित गर्दा आइपर्ने अवरोध र प्रगति सम्बन्धमा क्षमता अभिवृद्धिका कार्यहरू भर्चुअल बैठकबाट सम्पन्न गरिएका छन् ।  जन्मदर्ता सम्बन्धि नीति, कार्यक्रम र मौजुदा प्रावधान सम्बन्धि क्षमता अभिवृद्धि गरिनुका साथै सबैभन्दा बढी विपन्न बालबालिकाहरूलाई जन्मदर्ता प्रदान गर्दा आइपर्ने विद्यमान चुनौती र अवरोध निराकरणका उपायहरू सम्बन्धमा जनकारी दिईएको छ ।









# कार्यक्रम जवाफदेहिता

वर्ल्ड भिजन आफ्ना सबै सरोकारवालाहरूसँग जवाफदेही छ । हामी हाम्रा सबै सरोकारवाला, समुदाय र लाभग्राहीहरूले हामीले सञ्चालन गर्ने कार्यक्रमबारे जानकारी प्राप्त गरेको र परियोजनाबारे आवश्यक उपयुक्त सूचनामा उहाँहरूको पहुँच भएको सुनिश्चित गर्दछौ । समुदायलाई सूचना सम्प्रेशण गर्न सचेतनाका विभिन्न उपायहरू (जस्तै : समूह बैठक, लिफलेट, पोष्टर, रेडियो जिङ्गल र होर्डिङ्ग बोर्ड) अवलम्वन गरिएका छन् । यसका अतिरिक्त वर्ल्ड भिजन हरेक प्रकारका पृष्ठपोषण तथा गुनासा/सुझावको स्वागत गर्दछ । यसकारण संस्थाले पृष्ठपोषण/प्रतिकृयाका संयन्त्रहरू स्थापना गरेको छ र प्राप्त गुनासा तथा सुझावहरू संस्थाले आफ्ना सरोकारवाला तथा समुदायसँग वृहत रूपमा आदानप्रदान गर्दछ । यसका अतिरिक्त वर्ल्ड भिजनले लाभग्राहीको रूपमा सबैभन्दा बढी जोखिममा रहेका समुदायहरू समावेश र छनौट गरिएको सुनिश्चित गर्न विभिन्न सरोकारवाला र समुदायहरूसँग परामर्श गर्दछ ।


सन् २०२० मा पृष्ठपोषणका रूपमा जम्मा ३,५२१ सुझावहरू प्राप्त भएका थिए जसमध्ये २,१०४ सुझावहरू नियमित परियोजनाहरूसँग सम्बन्धित थिए भने १,४१७ सुझावहरू नेपाल कभर परियोजनासँग सम्बन्धित थिए । नियमित परियोजनाहरूसँग सम्बन्धित २,१०४ सुझावहरूमध्ये ५३.६६% का विषयमा थप कुनै प्रतिकृया गर्नु पर्ने देखिदैन भने बाँकी ४६.३४% सुझावको प्रतिकार्य गरिएको थियो । प्राप्त पृष्ठपोषणले समुदायमा व्यक्ति तथा लाभान्तिव र संस्थाबीच विश्वासको वातावरण सिर्जना गर्न निकै ठूलो सहयोग पुगेको छ ।

## नि:शुल्क टेलिफोन सेवा : १६६००१०००१४

# कुल खर्च (अमेरीकी डलरमा)

| | |
|---|---|
| आर्थिक वर्ष २०१९ | १३,८४८,०८० |
| आर्थिक वर्ष २०२० | १२,१७८,०७८ |

| | |
|---|---|
| पैरवी तथा अभियान | १८८,६४२।०० |
| कृषी तथा आर्थिक विकास | १,६४५,३४१।०० |
| मूल्यांकन तथा डिजाइन | ५९६,३८४।०० |
| बाल संरक्षण | १,१९४,३६०।०० |
| सामुदायिक संलग्नता तथा स्पोनसरसीप योजना | १,९५३,५५८।०० |
| विपद् न्यूनीकरण तथा आप्तकालिन प्रतिकार्य | ८२४,०११।०० |
| शिक्षा तथा जीवनोपयोगी सीपहरू | २,१७२,४३८।०० |
| स्वास्थ र पोषण | १,४५७,८४७।०० |
| कार्यक्रम नवप्रवर्धन | १०१,६१८।०० |
| युवा विकास | २६४,०२४।०० |
| पानी तथा सरसफाई | १७५,२४६।०० |
| कोभिड-१९ | १,६०४,६०९।०० |
| कुल खर्च | १२,१७८,०७८।०० |



# हाम्रा कार्य क्षेत्रहरू

## प्रदेश नं. १

| जिल्ला | स्थानीय तह |
|---|---|
| मोरङ | बिराटनगर महानगरपालिका |
| | बुढीगंगा गाउँपालिका |
| | धनपालथान गाउँपालिका |
| | ग्रामथान गाउँपालिका |
| | जहदा गाउँपालिका |
| | कानेपोखरी गाउँपालिका |
| | कटाहारी गाउँपालिका |
| | केराबारी गाउँपालिका |
| | लेटाङ भोगटेनी नगरपालिका |
| | मिक्लाजुङ गाउँपालिका |
| | पथरी शनिश्चरे नगरपालिका |
| | रङ्गेली नगरपालिका |
| | रतुवामाई नगरपालिका |
| | सुनवर्षी नगरपालिका |
| | सुन्दरहरैचा नगरपालिका |
| | उर्लाबारी नगरपालिका |
| सुनसरी | बराहक्षेत्र नगरपालिका |
| | बर्जु गाउँपालिका |
| | भोक्राहा गाउँपालिका |
| | देवानगञ्ज गाउँपालिका |
| | धरान उपमहानगरपालिका |
| | दुहबी नगरपालिका |
| | गढी गाउँपालिका |
| | हरिनगर गाउँपालिका |
| | इनरूवा नगरपालिका |
| | इटहरी उप-महानगरपालिका |
| | कोशी गाउँपालिका |
| | रामधुनी नगरपालिका |
| उदयपुर | कटारी नगरपालिका |
| | लिमचुङबुङ गाउँपालिका |
| | रौतामाई गाउँपालिका |
| | तप्ली गाउँपालिका |
| | त्रियुगा नगरपालिका |
| | उदयपुरगढी गाउँपालिका |

## प्रदेश नं. २

| जिल्ला | स्थानीय तह |
|---|---|
| रौतहट | |
| | गरूडा नगरपालिका |
| | माधव नारायण नगरपालिका |
| सर्लाही | |
| | पर्सा गाउँपालिका |
| | हरिपूर्व नगरपालिका |
| | ब्रह्मपुरी गाउँपालिका |
| | चन्द्रनगर गाउँपालिका |
| महोत्तरी | एकडारा गाउँपालिका |
| | साम्सी गाउँपालिका |

## बागमती प्रदेश

| जिल्ला | स्थानीय तह |
|---|---|
| काठमाण्डौं | कीर्तिपूर नगरपालिका |
| | काठमाण्डौं महानगरपालिका |
| | चन्द्रागिरी नगरपालिका |
| ललितपुर | ललितपुर महानगरपालिका |
| सिन्धुली | गोलान्जोर गाउँपालिका |
| | फिक्कल गाउँपालिका |
| | तीनपाटन गाउँपालिका |

## गण्डकी प्रदेश

| जिल्ला | स्थानीय तह |
|---|---|
| लमजुङ | बेशीसहर नगरपालिका |
| | दोर्दी गाउँपालिका |
| | क्वोलासोथर गाउँपालिका |
| | सुन्दरबजार नगरपालिका |


## कर्णाली प्रदेश

| जिल्ला | स्थानीय तह |
|---|---|
| जुम्ला | चन्दननाथ नगरपालिका |
| | गुठीचौर गाउँपालिका |
| | पटारसी गाउँपालिका |
| | तातोपानी गाउँपालिका |
| | तिला गाउँपालिका |

## सुदूरपश्चिम प्रदेश

| जिल्ला | स्थानीय तह |
|---|---|
| बझाङ | केदारस्युँ गाउँपालिका |
| | जयपृथ्वी नगरपालिका |
| अछाम | कमलबजार नगरपालिका |
| | मेल्लेख गाउँपालिका |
| | पञ्चदेवल विनायक नगरपालिका |
| | साँफेबगर नगरपालिका |
| डोटी | आदर्श गाउँपालिका |
| | दिपायल सिलगढी नगरपालिका |
| | पूर्वीचौकी गाउँपालिका |
| | सयल गाउँपालिका |
| कैलाली | भजनी नगरपालिका |
| | गौरीगंगा नगरपालिका |
| | घोडाघोडी नगरपालिका |
| | कैलारी गाउँपालिका |
| | टिकापुर नगरपालिका |
| | लम्किचुहा नगरपालिका |

# हाम्रा कार्य क्षेत्रहरू २०२१




नोट : मोरङ र सुनसरी जिल्लाहरूमा स्पोन्सरसीप कार्यक्रम समाप्त भएता पनि विश्व बैंकको वित्तिय सहयोगमा संचालित किताब परियोजना सन् २०२१ मार्च महिनासम्म संचालनमा रहनेछ ।

# हाम्रा साझेदार संस्थाहरु :

| | |
|---|---|
| **मोरङ** | बहुद्देश्यीय विकास व्यवस्थापन सेवा नेपाल<br>नारी विकास संघ<br>राष्ट्रिय सामुदायिक विकास केन्द्र |
| **सुनसरी** | सेभ द अर्थ फउन्डेसन इन्टरनेश्नल |
| **उदयपुर** | जाल्पा एकिकृत विकास समाज<br>मानव अधिकार तथा वातावरण विकास केन्द्र<br>नेपाल सामाजिक विकास तथा जनसशक्तिकरण केन्द्र |
| **सर्लाही** | राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र<br>बाग्मती सेवा समाज नेपाल |
| **महोत्तरी** | सामाजिक विकास केन्द |
| **रौतहट** | ग्रामीण विकास केन्द |
| **सिन्धुली** | सिन्धुलि एकिकृत विकास सेवा<br>रिलिफ नेपाल<br>ग्रामिण महिला चेतना केन्द्र<br>सामुदायीक विकास कार्यक्रम, सिन्धुली नेपाल |
| **लमजुङ** | ग्रामीण सामुदायीक विकास केन्द्र<br>श्री जनचेतना अभिवृद्धि र विकास अध्यन समिति |

| | |
|---|---|
| **जुम्ला** | कर्णाली एकिकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र<br>कर्णाली दिगो बिकास प्रतिष्ठान |
| **काठमाण्डौं** | असल छिमेकी नेपाल<br>नेपाल बाल मजदुर सरोकार केन्द्र<br>बाल विकास समाज |
| **कैलाली** | बाल कल्याण संघ, टिकापुर<br>दिगो विकास समाज<br>सामुदायिक विकासका लागि सचेत समाज |
| **डोटी** | सामुदायिक विकास केन्द<br>समान पहुँच विकास केन्द्र नेपाल |
| **अछाम** | पहुँच र सृजनाका लागी सहकार्य नेपाल<br>सामाजिक रूपान्तरण तथा मानविय सहायता संघ (आस्था) नेपाल |
| **बझाङ** | प्रगतिशील युवा समाज |



# वर्ल्ड भिजन इन्टरनेशनल नेपालको राष्ट्रिय रणनीति २०२१ – २०२५

## रणनीतिक लक्ष्य

८ लाख अति जोखिममा रहेका बालबालिकाहरुको जीवनस्तरमा सुधार गर्ने ।

### मुख्य सूचकहरु:

- अभिभावक/हेरचाह कर्ताहरूसँग सकारात्मक र शान्तपुर्ण सम्बन्ध भएका बालबालिकाको %
- साथीहरूसँग सकारात्मक र शान्तपुर्ण सम्बन्ध भएका केटाकेटीहरूको %

परिवार तथा समुदायमा सकारात्मक र शान्तपुर्ण सम्बन्ध भएका बालबालिकाहरुको संख्यामा बृद्धि

### मुख्य सूचकहरु:

- विगत १२ महिनामा शारीरिक आक्रमण अनुभव गरेका किशोरकिशोरीहरूको % लिङ्गको आधारमा
- विगत १२ महिनामा कुनै अपराधीद्धारा यौन दुर्व्यवहारको अनुभव गरेका किशोरकिशोरीहरूको % लिङ्गको आधारमा
- विवाहीत किशोरकिशोरीहरूको %
- सामुदायिक बाल संरक्षण समितिले अनुसरण गरेको ज्ञात बाल सुरक्षा मामिलाहरूको %

हिंसाबाट बचाइएको बालबालिकाको संख्यामा बृद्धि

## उद्देश्य

पोषीत बालबालिकाहरुको संख्यामा बृद्धि

### मुख्य सूचकहरु:

- ०–५९ महिनाका बालबालिकाहरूमा न्यून तौल, उचाई अनुसार कम तौल तथा उमेर अनुसार कम उचाईको व्यापकता
- ६ महिनाको उमेरसम्म विशेष रूपमा स्तनपान गरेका बालबालिकाहरूको व्यापकता
- खाद्य असुरक्षा अनुभव मापदण्ड विश्व स्तर मापदण्ड (FIES-GSS) अनुसार मध्यम वा गम्भीर खाद्य असुरक्षाको सामना गरिरहेका घरधुरीहरूको %
- बहुआयामी गरीबीमा रहेका घरधुरीहरूको %
- पैसा बचाउने माध्यम भएका आमाबुवा वा हेरचाहकर्ताको %
- बहुक्षेत्रीय पोषण कार्यक्रमको स्वास्थ्य प्रणाली सुदृढीकरणमा पैरवीको प्रभाव

पढ्न सक्ने प्राथमीक तहका बालबालिकाको संक्स्यामा बृद्धि

### मुख्य सूचकहरु:

- न्यूनतम गतीमा पढ्ने सक्ने कक्षा ३ का बालबालिकाहरुको अनुपात

### राष्ट्रिय प्राथमिकताहरु

- मानव पुंजीगत क्षमता विकास तथा अधिकतम उपयोग
- उच्च र दीगो उत्पादन तथा उत्पादकता
- समृद्ध तथा उचित स्वस्थ जीवनस्तर र सन्तुलित पर्यावरण
- सुरक्षित
- सभ्य समाज
- सुशासन

### दिगो विकास लक्ष्यहरु

१ २ ३ ४ ५ ६ १६ १७

१

अमेरिकी डलर

**६०,०००,००० - ७६,०००,०००**
(लक्ष्य)

२ **विषयगत क्षेत्रहरु**

- शिक्षा
- संरक्षण
- उत्थानशीलता/विपद् जोखिम व्यवस्थापन
- स्वास्थ्य/पोषण
- जीविकोपार्जन
- नीति/पैरवी

३ **क्षेत्रहरु**

**१६** जिल्लाहरु

**२२** क्षेत्र विकास कार्यक्रमहरु

World Vision

नेपाली जुटौं
बाल विवाह रोकौं

# वर्ल्ड भिजन इन्टरनेशनल नेपाल


**राष्ट्रिय कार्यालय**
के.सी. भवन, कुसुन्ती, ललितपुर
पो.ब. २१९६९
फोन : +९७७–०१–५५४८८७७/५५४७१७७

**शहरी कार्यक्रम कार्यालय**
के.सी. भवन, कुसुन्ती, ललितपुर
पो.ब. २१९६९
फोन : +९७७–०१–५५४८८७७/५५४७१७७

**पूर्वी फिल्ड कार्यालय**
फ्लट ३५१, बर्दिबास नगरपालिका - ३, महोत्तरी
फोन : +९७७-६४६९११०८

**पश्चिम फिल्ड कार्यालय**
हसनपुर, धनगढी उप-महानगरपालिका – ५, कैलाली
फोन : +९१–५२४०३२

@wvinpl @wvnepal @wvinepal World Vision International Nepal